जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४९ | २०८३ साल बैशाख ११ गते शुक्रवार | Friday-24-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# सरकारी विज्ञापनमा एकाधिकारविरूद्ध देशव्यापी पत्रकार आन्दोलन, प्रधानमन्त्रीलाई ज्ञापनपत्र

***बारा, १० वैशाख***

नेपाल सरकारले सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयविरुद्ध देशभर पत्रकारहरू आन्दोलित भएका छन्। नेपाल पत्रकार महासंघको आह्वानमा विभिन्न जिल्लामा विरोध कार्यक्रम गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइएको छ।

यसै क्रममा नेपाल पत्रकार महासंघ रौतहट शाखाले बिहीबार प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै उक्त निर्णयको कडा विरोध जनाएको छ। महासंघले सरकारी विज्ञापनमा एकाधिकार कायम गर्ने प्रयासले स्वतन्त्र प्रेसलाई आर्थिक रूपमा कमजोर बनाउने र लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रहार गर्ने ठहर गरेको छ। महासंघले निजी तथा सामुदायिक सञ्चारमाध्यमहरू विज्ञापन आम्दानीमै निर्भर रहने भएकाले यस्तो निर्णयले ती संस्थाहरू बन्द हुने जोखिम बढ्ने र हजारौँ सञ्चारकर्मीहरूको रोजगारी संकटमा पर्ने चेतावनी दिएको छ। "सरकारी विज्ञापनमा एकाधिकार कायम गरेर स्वतन्त्र प्रेसलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको छ," ज्ञापनपत्रमा उल्लेख गरिएको छ।




बारा जिल्लामा पनि पत्रकार महासंघ शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै निर्णयलाई विभेदकारी र प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भनेको छ। अध्यक्ष रमेश सुबेदीको नेतृत्वमा बुझाइएको ज्ञापनपत्रमा निजी सञ्चारमाध्यमलाई वञ्चित गर्दा मोफसलका मिडियाहरू आर्थिक संकटमा पर्ने र पत्रकारहरूको जीविकोपार्जन प्रभावित हुने उल्लेख गरिएको छ। यस्तै, पर्साको वीरगञ्जमा पनि पत्रकारहरूले कडा आपत्ति जनाउँदै प्रमुख जिल्ला अधिकारी भोला दहालमार्फत ज्ञापनपत्र पठाएका छन्। नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालसहितको टोलीले उक्त निर्णयले लोकतान्त्रिक अभ्यासविपरीत प्रभाव पार्ने, सूचना प्रवाहमा असमानता ल्याउने र नागरिकको सूचनामा पहुँच सीमित गर्ने जनाएको छ।

महासंघले चार बुँदे माग अघि सार्दै चैत १८ गते जारी परिपत्र तत्काल खारेज गर्न, विज्ञापन वितरण प्रणालीलाई पारदर्शी र समावेशी बनाउन, सञ्चार क्षेत्र संरक्षणका लागि दीर्घकालीन नीति ल्याउन तथा सरोकारवालासँग परामर्श गरेर मात्र निर्णय लिन आग्रह गरेको छ।

देशभरका पत्रकार संगठनहरूले माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन्। पत्रकारहरूको यो देशव्यापी आन्दोलनले सरकारी निर्णयमाथि व्यापक बहस सिर्जना गरेको छ।

# इन्जिनियर यादवविरुद्ध १ करोड ४६ लाख अवैध सम्पत्ति मुद्दा

***शु.आ. सम्बाददाता***
***बारा, १० वैशाख***

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय कलैया, बाराका तत्कालीन निमित्त हाकिम (आठौँ तह इन्जिनियर) किशोरप्रसाद यादवविरुद्ध अवैध सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।




अख्तियारका अनुसार यादवले सार्वजनिक सेवामा प्रवेश गरेदेखि २०८० पुस २९ गतेसम्मको अवधिमा वैध आयको तुलनामा १ करोड ४६ लाख ८१ हजार २२५ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत खुलाउन नसकेको अभियोगपत्रमा उल्लेख गरिएको छ। उनको २०४७ असार ३१ गतेदेखि २०८० पुस २९ गतेसम्मको आय-व्यय विवरणको जाँच गरिएको थियो। जाँचअनुसार उक्त अवधिमा यादव तथा उनको परिवारको कुल वैध आय ३ करोड ४६ लाख २१ हजार ४०१ रुपैयाँ रहेको देखिएको छ। तर सोही अवधिमा जग्गा खरिद, घर निर्माण, शेयर लगानी, सवारी साधन खरिद तथा अध्ययनलगायत शीर्षकमा ४ करोड ९३ लाख २ हजार ६२६ रुपैयाँ खर्च भएको पाइएको छ।

अख्तियारले वैध आयभन्दा बढी खर्च देखिएपछि त्यसको स्रोत नखुलेको रकमलाई अवैध आर्जन ठहर गर्दै मुद्दा दायर गरेको जनाएको छ।

यसैगरी, अवैध रूपमा आर्जन गरिएको सम्पत्ति श्रीमती निर्मला कुमारी यादवको नाममा समेत राखिएको पाइएकाले उक्त सम्पत्ति जफत गर्ने प्रयोजनका लागि उनलाई पनि प्रतिवादी बनाइएको छ।

अख्तियारले भ्रष्टाचार निवारण ऐनअनुसार अवैध सम्पत्ति जफत गरी आवश्यक कारबाहीको माग गर्दै विशेष अदालतसमक्ष मुद्दा दर्ता गरेको जनाएको छ।

# मौलापुरमा बेथिति आरोप सार्वजनिक, मेयरमाथि जनप्रतिनिधिकै प्रश्न

***रूपेश यादव***
***रौतहट, १० बैशाख***

रौतहटको मौलापुर नगरपालिकामा आर्थिक तथा प्रशासनिक बेथिति बढेको आरोपसहित उपमेयरसहितका जनप्रतिनिधिहरूले मेयरविरुद्ध गम्भीर प्रश्न उठाएका छन्।

बिहीवार मौलापुर-१ मर्यादपुरमा आयोजित संयुक्त पत्रकार सम्मेलनमार्फत उपमेयर नागेन्द्र यादवसहित ६ जना वडा अध्यक्षहरूले मेयर रिना कुमारी साह र उनका पति, पूर्व मन्त्री प्रभु साहमाथि विभिन्न अनियमितता तथा हस्तक्षेपका आरोप सार्वजनिक गरेका हुन्।




पत्रकार सम्मेलनमा उपमेयर यादवले मेयरको निर्देशनमा हालै आएका प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरेलाई हटाउने उद्देश्यले दबाब र षड्यन्त्र भइरहेको दाबी गरे। उनका अनुसार घिमिरे कार्यालयमा हाजिर भएलगत्तै युवाहरूको समूहले विभिन्न शीर्षकमा रकम माग गर्दै दबाब दिएको थियो।

उपमेयर यादवले विगतमा नगरसभा निर्णयको आडमा बिना कार्यपालिका निर्णय र अनुगमन विभिन्न शीर्षकमा भुक्तानी हुँदै आएको आरोप लगाए। विद्युत महशुल, छोरीको विवाह अनुदान, पार्क तथा अन्य योजनाका नाममा वर्षौंदेखि मनपरी खर्च भएको दाबी गर्दै उनले आर्थिक पारदर्शितामाथि प्रश्न उठाए।

वडा अध्यक्षहरूले नगरपालिकाको सम्पूर्ण टेन्डर एउटै व्यक्तिलाई दिने गरिएको, निर्णय पुस्तिकामा स्पष्ट निर्णय बिना हस्ताक्षर गराउन खोजिएको तथा कार्यपालिका बैठकसमेत नियमित रूपमा नबोलाइएको आरोप लगाए। उनीहरूले विगतमा सादा निर्णय पुस्तिकामा हस्ताक्षर गर्न अस्वीकार गरेको र यस विषयमा जिल्ला प्रशासन कार्यालय रौतहटमा उजुरी दिएको पनि जानकारी दिए।

उनीहरूले सामाजिक सञ्जालमार्फत आफूहरूमाथि भ्रम फैलाइएको भन्दै असन्तुष्टि जनाउँदै पारदर्शी ढंगले कार्यपालिका बैठक सञ्चालन, निर्णय अभिलेखीकरण र आवश्यक परे फेसबुक लाइभमार्फत बैठक सञ्चालन गर्न माग गरेका छन्।

यस्तै, विकास बजेट कटौती गरी अन्य शीर्षकमा रकम स्थानान्तरण गरिएको तथा वार्षिक करोडौं रुपैयाँको हिसाब अपारदर्शी रहेको आरोपसमेत उनीहरूले लगाए। आर्थिक वर्ष २०८२/०८३ को सम्पूर्ण विवरण उपलब्ध गराउन नयाँ प्रमुख प्रशासकीय अधिकृतसमक्ष लिखित निवेदन दिइएको उपमेयर यादवले बताए।

यता, मेयर रिना कुमारी साहले आफूमाथि लगाइएका आरोपहरूको खण्डन गर्दै जनप्रतिनिधिहरूलाई आफ्नो स्वतन्त्रताअनुसार काम गर्न सक्ने प्रतिक्रिया दिएकी छन्।

# सीमा निगरानी कडाइ, अवैध घुसपैठ नियन्त्रणमा प्रशासनको अपिल

***शु.आ. सम्बाददाता***
***वीरगंज, १० बैशाख***

जिल्ला प्रशासन कार्यालय पर्साले सीमावर्ती क्षेत्रमा बढ्दो सुरक्षा चुनौतीलाई ध्यानमा राख्दै अवैध घुसपैठ नियन्त्रणका लागि विशेष अभियान सुरु गरेको छ। यससँगै कार्यालयले सार्वजनिक अपिल जारी गर्दै विदेशी नागरिकको आवागमनमा कडाइका साथ निगरानी बढाइएको जनाएको छ। कार्यालयका अनुसार धार्मिक, सामाजिक वा आर्थिक गतिविधिको आवरणमा तेस्रो मुलुकका नागरिकहरू अवैध रूपमा प्रवेश गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै यस्तो कदम चालिएको हो। जिल्ला सुरक्षा समितिको निर्णयअनुसार २०८३/०१/१० गतेदेखि सीमावर्ती नाकाहरूमा विशेष निगरानी तीव्र पारिएको छ। अपिलमा सीमा नाका हुँदै प्रवेश गर्ने विदेशी नागरिकले अनिवार्य रूपमा पासपोर्ट वा भिसा जस्ता यात्रा कागजात साथमा राख्नुपर्ने र सम्बन्धित निकायलाई आवश्यक



विवरण उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ। अध्यागमन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले चेकजाँचलाई थप कडाइ गरेको प्रशासनले जनाएको छ। जिल्ला प्रशासन कार्यालयले सर्वसाधारण, होटल व्यवसायी तथा सीमावर्ती क्षेत्रका बासिन्दालाई सहयोगका लागि आग्रह गर्दै शंकास्पद विदेशी नागरिक देखिएमा तुरुन्त नजिकको सुरक्षा निकायलाई जानकारी गराउन अपिल गरेको छ।

अवैध गतिविधि नियन्त्रण र सुरक्षित वातावरण निर्माणका लागि नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको जनाउँदै प्रशासनले सबै सरोकारवालाबाट सहकार्यको अपेक्षा गरेको छ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### वन अतिक्रमण नियन्त्रणमा कडाइ : अब ढिलाइ होइन, कार्यान्वयनको समय

बारा, ०८ वैशाख । डिभिजन वन कार्यालय बाराले वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन ३ दिने अल्टिमेटम जारी गर्नु केवल प्रशासनिक सूचना होइन, यो दीर्घकालीन रुपमा बेवास्ता हुँदै आएको वन संरक्षणको गम्भीर चेतावनी हो ।

महेन्द्र राजमार्गअन्तर्गत पथलैया-अमलेखगञ्ज-चुरियामाई मन्दिरसम्मको क्षेत्रमा फैलिएको वनभूमिमा अनधिकृत बसोबास, व्यापारिक संरचना तथा अन्य निर्माणले वन क्षेत्रको अस्तित्व नै संकटमा पार्दै आएको तथ्य अब लुकाइरहन मिल्दैन । वन ऐन २०७६ विपरीतका यस्ता गतिविधिले केवल कानुनी सीमा मात्र होइन, वातावरणीय सन्तुलन र जैविक विविधतामाथि समेत प्रत्यक्ष प्रहार गरिरहेको छ ।

वन कार्यालयले दिएको तीन दिने समयसीमा अब केवल चेतावनी होइन, कार्यान्वयनको परीक्षा हो । अतिक्रमण हटाउने विषय वर्षौंदेखि उठ्दै आए पनि राजनीतिक, सामाजिक र प्रशासनिक ढिलासुस्तीका कारण समस्या जटिल बन्दै गएको देखिन्छ ।

वन क्षेत्र केवल काठ वा जमिनको स्रोत मात्र होइन, यो पर्यावरणीय जीवनचक्रको मेरुदण्ड हो । यसको क्षयीकरणले दीर्घकालीन रुपमा मानव जीवनमै प्रतिकूल असर पार्ने कुरामा अब कुनै द्विविधा रहनु हुँदैन ।

यसैले अब अतिक्रमण हटाउने कार्यलाई केवल सूचनामा सीमित नराखी कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । स्थानीय प्रशासन, सुरक्षा निकाय र समुदायबीचको समन्वय बिना यस्तो अभियान सफल हुन सक्दैन । राज्यको स्पष्ट नीति, निष्पक्ष कार्यान्वयन र जनसहभागिता नै वन संरक्षणको मूल आधार हो । अब समय ढिलाइको होइन, निर्णयलाई व्यवहारमा उतार्ने हो । वन जोगाउने जिम्मेवारी केवल कार्यालयको होइन, सम्पूर्ण समाजको साझा दायित्व हो ।

# देश विकासको साझा मार्गचित्र



**रविप्रसाद बराल**

'राष्ट्रिय प्रतिबद्धतापत्र' कुनै एक सरकारको कार्यक्रम होइन, सम्पूर्ण राष्ट्रको साझा मार्गचित्र हो ।

नेपाल सरकारले हालै शासकीय सुधारलाई लक्षित गर्दै १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धतापत्र'को मस्यौदा सार्वजनिक गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अघि सारेको यस अवधारणाको मुख्य उद्देश्य विभिन्न दलका घोषणापत्रमा उल्लिखित प्राथमिकताहरूलाई एकीकृत गरी साझा राष्ट्रिय दस्तावेज तयार गर्नु हो । यसबारे दलहरूबाट वैशाख १० भित्र सुझाव माग गरिएको छ ।

यस प्रतिबद्धतापत्रमा आर्थिक स्थायित्व र सुधार, कृषि आत्मनिर्भरता, पर्यटन तथा नागरिक उड्डयन, ऊर्जा विकास, खानी तथा खनिज तथा पूर्वाधार विकासजस्ता आधारभूत क्षेत्रहरू समेटिएका छन् । रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्य सुधार, वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन, सुशासन र भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, प्रभावकारी सेवा प्रवाह तथा डिजिटल प्रविधिको विस्तारलाई पनि प्राथमिकतामा राखिएको छ ।

संसद्मा प्रतिनिधित्व गर्ने ६ दलका घोषणापत्र समेटेर तयार गरिएको यस प्रतिबद्धतापत्रलाई नेपालको विकास यात्रामा साझा राजनीतिक सहमतिका रूपमा बुझ्न सकिन्छ । विगतमा विभिन्न दलका फरक-फरक एजेन्डाका कारण नीतिगत निरन्तरतामा देखिएका चुनौतीलाई मध्यनजर गर्दा यस्तो संयुक्त पहलले नीतिगत स्थायित्वतर्फ सकारात्मक संकेत दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले उक्त राष्ट्रिय प्रतिबद्धताको मस्यौदामा समावेश विषयहरूको अध्ययन गरी सरकारलाई औपचारिक रूपमा सुझाव दिने प्रतिबद्धता जनाएका छन्, जुन मुलुक र जनताप्रतिको जिम्मेवारी बोधको स्पष्ट अभिव्यक्ति हो ।

सबै पक्षले स्वामित्व लिएर इमान्दारीपूर्वक कार्यान्वयनमा जुटेमा मात्र प्रतिबद्धता पत्रको यो दस्तावेज नेपाललाई समृद्धि, सुशासन र स्थायित्वतर्फ अघि बढाउने मार्गदर्शक बन्न सक्छ।

समग्रमा, आर्थिक सुधारदेखि सामाजिक न्यायसम्मका विविध क्षेत्र समेटिएको यो प्रतिबद्धतापत्रले आगामी पाँच वर्षका लागि स्पष्ट विकास मार्गचित्र प्रस्तुत गरेको देखिन्छ । यसको प्रभावकारिता भने कार्यान्वयन क्षमतामा निर्भर रहने भएकाले नीतिगत स्पष्टता, स्रोत व्यवस्थापन र अनुगमन प्रणालीलाई सुदृढ बनाउनु आवश्यक छ । विभिन्न राजनीतिक दलका घोषणापत्रमा समेटिएका एजेन्डालाई एकीकृत गर्दै साझा राष्ट्रिय दृष्टिकोण निर्माण गर्ने यस प्रयासले नेपालको नीतिगत अस्थिरता घटाउन सक्ने सकारात्मक सम्भावना बोकेको छ । यस प्रतिबद्धतापत्रको केन्द्रमा आर्थिक रूपान्तरणको स्पष्ट आकांक्षा देखिन्छ । करिब ७ प्रतिशत आर्थिक वृद्धिदर, प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर र कुल गार्हस्थ्य उत्पादनलाई १०० अर्ब डलर नजिक पुऱ्याउने लक्ष्यले विकासको गति तीव्र पार्ने संकेत दिन्छ । यस्ता लक्ष्य प्राप्तिका लागि लगानीमैत्री वातावरण, कर नीतिको स्थायित्व, प्रशासनिक सरलीकरण र वित्तीय पारदर्शिता अनिवार्य सर्त हुन् । निजी क्षेत्रलाई विश्वासयोग्य वातावरण प्रदान गर्न सकिएमा उत्पादन र रोजगारी दुवै क्षेत्रमा सकारात्मक प्रभाव देखिन सक्छ । यसले समावेशी विकासलाई टेवा पुऱ्याउँछ ।

कृषि क्षेत्रलाई आत्मनिर्भर र सम्मानजनक पेसाको रूपमा स्थापित गर्ने सोचले ग्रामीण अर्थतन्त्रलाई पुनर्जीवित गर्ने सम्भावना बोकेको छ । किसान परिचयपत्र, पेन्सन, सहुलियत ऋण र बिमाजस्ता कार्यक्रम आकर्षक भए पनि तिनको प्रभावकारिता कार्यान्वयनको पारदर्शिता र वास्तविक लक्षित वर्गसम्मको पहुँचमा निर्भर रहनेछ । अनुदान वितरण र पहिचान प्रणाली कमजोर रह्यो भने राम्रा नीति पनि अपेक्षित परिणाम दिन असफल हुन सक्छन् ।

ऊर्जा र पर्यटनलाई विकासका प्रमुख आधारका रूपमा अघि सारिनु रणनीतिक दृष्टिले महत्त्वपूर्ण कदम हो । करिब ३० हजार मेगावाट विद्युत् उत्पादन र ऊर्जा निर्यातको लक्ष्यले नेपाललाई क्षेत्रीय ऊर्जा केन्द्र बनाउने सम्भावना देखाउँछ । आरोग्य, साहसिक र सांस्कृतिक पर्यटनको विस्तारले आर्थिक गतिविधि बढाउन सक्ने भए पनि ठूला आयोजना समयमै सम्पन्न गर्ने क्षमता, पूर्वाधार विकास र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा टिक्ने स्पष्ट रणनीति बिना यी लक्ष्यहरू चुनौतीपूर्ण रहनेछन् । रोजगारी सिर्जना र मानव पुँजी विकासमा देखिएको जोड समसामयिक आवश्यकता अनुरूप छ । १५ लाख रोजगारी सिर्जना गर्ने लक्ष्य, डिजिटल रोजगारी र रिमोट वर्कलाई प्रोत्साहन गर्ने नीति, तथा शिक्षा प्रणालीमा कोडिङ, कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षाजस्ता विषय समावेश गर्ने योजना दीर्घकालीन रूपमा दूरदर्शी देखिन्छ । यसले युवालाई विश्व प्रतिस्पर्धामा सक्षम बनाउने आधार तयार गर्न सक्छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रका सुधार प्रस्तावहरू सामाजिक विकासका महत्त्वपूर्ण आधार हुन् । शैक्षिक संस्थालाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने र उच्च शिक्षालाई गुणस्तरीय बनाउने प्रयास, साथै 'एक नागरिक, एक डिजिटल स्वास्थ्य प्रोफाइल' जस्ता पहलले सेवा प्रवाहमा पारदर्शिता र पहुँच विस्तार गर्न सक्छ । यस्ता कार्यक्रमका लागि पर्याप्त स्रोत, दक्ष जनशक्ति र प्रविधिगत पूर्वाधार सुनिश्चित गर्नु आवश्यक चुनौती रहनेछ ।

सुशासन र भ्रष्टाचार नियन्त्रणका उपायहरू यस प्रतिबद्धतापत्रको सबैभन्दा संवेदनशील र निर्णायक पक्ष हुन् । सम्पत्ति छानबिन, प्रशासनिक सुधार र सेवा प्रवाहमा पारदर्शिता ल्याउने प्रयासहरूले जनविश्वास पुनर्स्थापित गर्न सक्छन् । यस्ता उपायहरूको प्रभावकारी कार्यान्वयनका लागि दृढ राजनीतिक इच्छाशक्ति, स्वतन्त्र संस्थागत संरचना र बलियो अनुगमन प्रणाली अपरिहार्य हुन्छ ।

डिजिटल सुशासनतर्फको अग्रसरता पनि उल्लेखनीय देखिन्छ । सूचना प्रविधिलाई रणनीतिक क्षेत्रका रूपमा विकास गर्ने, डिजिटल साक्षरता विस्तार गर्ने र प्रविधिमा आधारित सेवा प्रणाली निर्माण गर्ने लक्ष्यले दीर्घकालीन रूपमा आर्थिक विविधीकरण र दक्षता वृद्धि गर्न सक्छ । राष्ट्रिय प्रतिबद्धतापत्रले विदेश नीतिलाई सन्तुलित, स्वाभिमानी र राष्ट्रिय हितकेन्द्रित बनाउने लक्ष्य राख्दै छिमेकी तथा अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढीकरण, आर्थिक कूटनीति र लगानी प्रवर्द्धनमा जोड दिएको छ । नेपाली डायोस्पोरालाई विकासका साझेदारका रूपमा स्वीकार गर्दै उनीहरूको सीप, पुँजी र अनुभवलाई उपयोग गर्न तथा उनीहरूसँगको सम्बन्धलाई संस्थागत रूपमा सुदृढ गर्ने सकारात्मक प्रतिबद्धता व्यक्त गरिएको छ ।

समग्रमा, यो प्रतिबद्धतापत्रले आर्थिक, सामाजिक र प्रशासनिक क्षेत्रका प्रमुख आयामहरूलाई समेट्दै नेपालको रूपान्तरणको व्यापक मार्गचित्र प्रस्तुत गरेको छ । तर यसको वास्तविक सफलता लक्ष्य निर्धारणमा होइन, तिनको यथार्थपरक कार्यान्वयनमा निर्भर रहनेछ । नीति, स्रोत, क्षमता र राजनीतिक इच्छाशक्तिबीच सन्तुलन कायम गर्न सकिएमा यसले व्यवहारमा रूपान्तरण भई जनजीवनमा वास्तविक परिवर्तन ल्याउन सक्षम हुनेछ ।

राष्ट्रिय प्रतिबद्धतापत्रलाई साँच्चिकै साझा राष्ट्रिय सहमतिको दस्तावेज बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न, सहमति र व्यावहारिक रणनीतिलाई सँगसँगै अघि बढाउनु आवश्यक छ । यसका लागि एकीकृत दृष्टिकोण अपनाउनु उपयुक्त देखिन्छ । सबैभन्दा पहिले, समावेशी सहमति र स्वामित्व सुनिश्चित गर्नुपर्छ । दस्तावेज तयार गर्ने चरणदेखि नै राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, विज्ञ, युवा तथा महिलाको सक्रिय सहभागिता गराइनुपर्छ । यसरी निर्माण भएको प्रतिबद्धतामा सबै पक्षको अपनत्व रहन्छ, जसले कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउँछ ।

दोस्रो, स्पष्ट प्राथमिकता निर्धारण गर्दै चरणबद्ध रूपमा कार्यान्वयन गर्नुपर्छ । सबै कार्यक्रम एकैपटक अघि बढाउनुको सट्टा अर्थतन्त्र, रोजगारी, शिक्षा, स्वास्थ्य र सुशासनजस्ता जनजीवनमा प्रत्यक्ष असर पार्ने क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । सीमित तर परिणाममुखी लक्ष्यले सफलता हासिल गर्न सजिलो बनाउँछ ।

तेस्रो, नीतिगत स्थायित्व र निरन्तरता सुनिश्चित गर्नु अपरिहार्य छ । सरकार परिवर्तनसँगै नीति फेरिने प्रवृत्ति अन्त्य गर्न, प्रतिबद्धतापत्रमा दलहरूबीच न्यूनतम साझा सहमति कायम गरिनुपर्छ । यसले दीर्घकालीन विकास योजनालाई अवरोधबिना अघि बढ्न मद्दत गर्छ । सहमति, स्पष्ट प्राथमिकता र स्थायित्वलाई आधार बनाएर अघि बढ्दा राष्ट्रिय प्रतिबद्धतापत्र केवल कागजी योजना नभई व्यवहारमा रूपान्तरण हुने बलियो मार्गचित्र बन्न सक्छ ।

चौथो, स्पष्ट जिम्मेवारी, समयसीमा र मापनयोग्य सूचक (कि पर्फरमेन्स इन्डिकेटर्स) निर्धारण गर्नुपर्छ । प्रत्येक कार्यक्रमका लागि जिम्मेवार निकाय को हो, कति समयभित्र के उपलब्धि हासिल गर्ने हो, र त्यसलाई कसरी मापन गर्ने हो यी सबै कुरा प्रष्ट हुनुपर्छ । यसले कार्यसम्पादनलाई पारदर्शी बनाउँछ र सम्बन्धित निकायलाई उत्तरदायी पनि बनाउँछ ।

पाँचौं, संघ, प्रदेश र स्थानीय तहबीच सुदृढ समन्वय कायम गर्नुपर्छ । संघीय संरचनामा सफल कार्यान्वयन तीनै तहबीचको सहकार्यमा निर्भर हुन्छ । त्यसैले स्पष्ट भूमिका बाँडफाँट, अधिकारको सम्मान र प्रभावकारी समन्वय संयन्त्र निर्माण अपरिहार्य हुन्छ ।

छैटौं, निजी क्षेत्र र नागरिक समाजसँग सहकार्य विस्तार गर्नुपर्छ । सरकारको सीमित स्रोत र क्षमतालाई पूरक बनाउन निजी क्षेत्रको लगानी, नवप्रवर्तन र व्यवस्थापकीय दक्षता उपयोग गर्नुपर्छ । नागरिक समाजको निगरानी र सहभागिताले पारदर्शिता र उत्तरदायित्व अझ बलियो बनाउँछ । यसले योजनालाई दिगो र परिणाममुखी बनाउँछ ।

सातौं, पारदर्शिता, जवाफदेहिता र डिजिटल अनुगमन प्रणाली विकास गर्नुपर्छ । कार्यक्रमहरूको प्रगति नियमित रूपमा सार्वजनिक गर्ने, डिजिटल प्लेटफर्ममार्फत ट्र्याक गर्ने र नागरिकलाई समयमै सूचना दिने व्यवस्था आवश्यक हुन्छ । यसले सरकारप्रतिको विश्वास अभिवृद्धि गर्नुका साथै उत्तरदायित्वलाई संस्थागत गर्छ । निरन्तर अनुगमन र मूल्यांकनलाई संस्थागत गर्दै योजना कार्यान्वयनका क्रममा नियमित समीक्षा, समस्या पहिचान र सुधारात्मक कदमहरू अवलम्बन गर्ने संस्कृति विकास गर्नुपर्छ । यसले लक्ष्य प्राप्तिको मार्गलाई स्पष्ट, लचकदार र व्यावहारिक बनाउँछ । सहमति, स्वामित्व र प्रभावकारी कार्यान्वयन रणनीतिलाई एकीकृत गर्दै अघि बढ्न सके राष्ट्रिय प्रतिबद्धतापत्र देशको दीर्घकालीन विकास र समृद्धिको ठोस मार्गचित्रका रूपमा स्थापित हुन सक्छ ।

अन्त्यमा, समग्रमा, १८बुँदे 'राष्ट्रिय प्रतिबद्धतापत्र' देशका लागि सकारात्मक र आवश्यक पहल हो । यसले विभिन्न राजनीतिक दलका एजेन्डालाई एक ठाउँमा ल्याएर साझा राष्ट्रिय दृष्टिकोण निर्माण गर्ने प्रयास गरेको छ, जसले दीर्घकालीन विकास र नीतिगत स्थायित्वको आधार बनाउन सक्छ । अर्थतन्त्रदेखि सामाजिक न्याय, प्रविधि र सुशासनसम्मका क्षेत्र समेटिनु यसको मुख्य बल हो ।

यसको सफलता कार्यान्वयन क्षमता, राजनीतिक इच्छाशक्ति र संस्थागत प्रतिबद्धतामा निर्भर हुन्छ । समावेशी सहभागिता, स्पष्ट प्राथमिकता, सुदृढ समन्वय, पारदर्शिता र प्रभावकारी अनुगमन सुनिश्चित गर्न सके मात्र यसले जनजीवनमा वास्तविक परिवर्तन ल्याउन सक्छ । अन्ततः, 'राष्ट्रिय प्रतिबद्धतापत्र' कुनै एक सरकारको कार्यक्रम होइन, सम्पूर्ण राष्ट्रको साझा मार्गचित्र हो । सबै पक्षले स्वामित्व लिएर इमान्दारीपूर्वक कार्यान्वयनमा जुटेमा मात्र यो दस्तावेज नेपाललाई समृद्धि, सुशासन र स्थायित्वतर्फ अघि बढाउने मार्गदर्शक बन्न सक्छ ।


**जनहितमा जारी सन्देश**

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसालै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कव्हीगोठ, बारा


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# होर्मुजमा बारुदी सुरुङ सफाइमा ६ महिना लाग्ने चेतावनी



काठमाडौं- विश्व ऊर्जा आपूर्तिको अत्यन्त संवेदनशील मार्ग मानिने स्ट्रेट अफ होर्मुजमा राखिएका बारुदी सुरुङ (समुद्री माइन्स) पूर्ण रूपमा हटाउन कम्तीमा छ महिना लाग्न सक्ने अमेरिकी रक्षा मूल्याङ्कन सार्वजनिक भएको छ। यसले युद्ध अन्त्य भए पनि तत्काल ऊर्जा बजार स्थिर नहुने सङ्केत दिएको छ।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनको आन्तरिक मूल्याङ्कनलाई उद्धृत गर्दै वासिङ्टन पोस्टले जनाएअनुसार इरानले जलमार्गमा राखेका बारुदी सुरुङहरू हटाउने प्रक्रिया अत्यन्त जटिल हुने देखिएको छ। यसले तेल र ग्यासको आपूर्तिमा लामो समयसम्म अवरोध कायम रहन सक्ने चिन्ता बढाएको छ। हाल इरान र संयुक्त राज्य अमेरिका तथा इजरायल बीच जारी द्वन्द्वका कारण उक्त जलमार्ग तनावपूर्ण बनेको छ।

सामान्य अवस्थामा विश्वको करिब पाँचौं भाग तेल र ग्यास यही मार्ग हुँदै बग्ने भएकाले यसको अवरोधले विश्वव्यापी ऊर्जा बजारमा गम्भीर असर परेको छ। अस्थिर युद्धविराम जारी रहे पनि होर्मुज क्षेत्र अझै पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन, किनभने अमेरिकाले नाकाबन्दी पनि कायम राखेको छ। पेन्टागनको मूल्याङ्कनअनुसार युद्ध समाप्त भए पनि र नाकाबन्दी हटे पनि खतराजन्य संरचना सफा गर्न महिनौं लाग्नेछ र युद्ध समाप्त नभएसम्म यस्तो अभियान सुरु हुने सम्भावना न्यून छ।

उक्त छ महिनाको अनुमान अमेरिकी संसद्को हाउस आर्म्ड सर्भिस कमिटीका सदस्यहरूलाई दिइएको गोप्य ब्रिफिङमा प्रस्तुत गरिएको बताइएको छ।

जानकारीअनुसार इरानले होर्मुज र आसपास क्षेत्रमा करिब २० भन्दा बढी बारुदी सुरुङ राखेको हुन सक्ने अनुमान गरिएको छ, जसमा केही आधुनिक प्रविधिबाट टाढैबाट सक्रिय गर्न सकिने किसिमका भएकाले पहिचान र निष्क्रिय पार्न अझ कठिन भएको छ। यद्यपि, पेन्टागनका प्रवक्ता सीन पार्नेलले उक्त मूल्याङ्कनमा आधारित विवरणहरू 'गलत' भएको प्रतिक्रिया दिए। इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सले करिब एक हजार ४०० वर्गकिलोमिटर क्षेत्रलाई 'खतराको क्षेत्र' घोषणा गरेको छ।

यो पेरिसको आकारभन्दा १४ गुणा ठूलो रहेको बताइएको छ। यसले समुद्री मार्ग अझ असुरक्षित बनेको सङ्केत गरेको छ। यसअघि इरानले अमेरिकी नौसैनिक नाकाबन्दी कायम रहेसम्म होर्मुज नखोल्ने अडान दोहोर्‍याइसकेको छ। उता अन्तर्राष्ट्रिय ढुवानी कम्पनीहरूले पनि जोखिमका कारण वैकल्पिक मार्ग खोज्न थालेका छन्। जर्मनीस्थित हपाग-लोयडका प्रतिनिधिहरूले ढुवानी सञ्चालनका लागि स्पष्ट र सुरक्षित मार्ग आवश्यक रहेको बताएका छन्।

युद्धविराम सुरु भएलगत्तै केही समयका लागि जलमार्ग आंशिक रूपमा खुला भए पनि आक्रमण र बारुदी सुरुङको डरले अत्यन्त सीमित जहाज मात्र आवतजावत गरेका थिए। यसअघि अमेरिकी नौसेनाले खानी हटाउने प्रयास गरेको दाबी गरे पनि इरानले त्यसलाई अस्वीकार गर्दै आफ्ना जलक्षेत्रमा प्रवेश गर्ने सैन्य जहाजलाई चेतावनी दिएको थियो।

यसैबीच लन्डनमा बेलायत र फ्रान्सको पहलमा ३० भन्दा बढी देशका सैन्य योजनाकारहरू सहभागी बहुराष्ट्रिय वार्ता भइरहेको छ, जसमा युद्धपछि होर्मुज पुनः खोल्ने र बारुदी सुरुङ हटाउने योजनाबारे छलफल भइरहेको छ। प्रस्तावित 'रक्षात्मक गठबन्धन' ले समुद्री सुरक्षा सुनिश्चित गर्दै जलमार्ग पुनः सञ्चालनमा ल्याउने लक्ष्य राखेको बताइएको छ।


## जनहितमा जारी सन्देश

- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं।
- सरसफाई हामी सबैको पहिचान हो। स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौं।
- नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं।
- वातावरण हामी सबैका साझा सम्पती हो।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं।
- लैंगिक हिंसा सामाजिक अपराध हो। हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं।

माधव नारायण नगरपालिका
माधोपुर, रौतहट

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।


# नारायणी अस्पताल सुधारबारे उच्चस्तरीय छलफल

*दिपक चौरसिया*
*पर्सा, १० वैशाख*



पर्सास्थित नारायणी अस्पतालमा देखिएका समस्या, चुनौती तथा सुधारका उपायबारे उच्चस्तरीय छलफल सम्पन्न भएको छ। अस्पतालको सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित कार्यक्रममा सरोकारवालाबीच गम्भीर विचार-विमर्श गरिएको हो।

कार्यक्रममा पर्साका चारवटै निर्वाचन क्षेत्रका प्रतिनिधिसभा सदस्यहरू सुशील शाह, हरि बहादुर पन्त, रामाकान्त चौरसिया र टेक बहादुर शाक्यको विशेष उपस्थिति रहेको थियो। साथै अस्पतालका विभागीय प्रमुख, चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको उल्लेखनीय सहभागिता थियो।

छलफलका क्रममा सेवा प्रवाहमा ढिलाइ, जनशक्ति अभाव, औषधि आपूर्तिमा अनियमितता, भौतिक पूर्वाधारको अवस्था तथा उपकरण व्यवस्थापनजस्ता समस्यामाथि विस्तृत समीक्षा गरिएको थियो। सहभागीहरूले आफ्ना अनुभव प्रस्तुत गर्दै समाधानका लागि व्यावहारिक सुझाव दिएका थिए। कार्यक्रममा अस्पतालको सेवा गुणस्तर सुधारका लागि दीर्घकालीन योजना, दक्ष जनशक्ति व्यवस्थापन, नियमित औषधि आपूर्ति तथा आधुनिक उपकरणको प्रभावकारी प्रयोगमा जोड दिइयो। साथै बिरामीमैत्री सेवा, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। उपस्थित जनप्रतिनिधिहरूले अस्पताल सुधारका लागि आवश्यक नीति, स्रोत-साधन र समन्वयमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै स्वास्थ्य सेवा जनताको आधारभूत आवश्यकता भएकाले सुधारमा कुनै कसर बाँकी नराख्ने बताएका थिए। छलफलमा उठाइएका विषयहरू कार्यान्वयनमा लैजाने प्रतिबद्धतासहित कार्यक्रम सम्पन्न भएको आयोजकले जनाएको छ।

# विपन्न परिवारलाई रास्वपा युवा नेता कृष्ण साहद्वारा खाद्यान्न सहयोग

*हरि किशोर शर्मा*
*पर्सा, १० वैशाख*



जगरनाथपुर गाउँपालिका-३ बिजनिया टोलका एक अति विपन्न परिवारलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का युवा नेता कृष्ण साहले खाद्यान्न सामग्री सहयोग गरेका छन्।

समाजसेवी तथा रास्वपा युवा नेता पशुराम साहको उपस्थितिमा गरिएको सहयोग कार्यक्रममार्फत उक्त परिवारलाई चामल, दाल, तेल, आलु, प्याजसहितका दैनिक उपभोग्य सामग्री तथा केही नगद सहयोग प्रदान गरिएको हो।

जानकारी अनुसार आर्थिक अभावका कारण विवाह व्यवस्थापनमा समस्या भोगिरहेको उक्त परिवारलाई सहयोग पुर्‍याउने उद्देश्यले साहले व्यक्तिगत पहलमा राहत सामग्री उपलब्ध गराएका हुन्।

सहयोगपछि कृष्ण साहले राजनीति मात्र नभई समाज सेवामा पनि सबैले सक्रिय भूमिका खेल्नुपर्ने आवश्यकता रहेको बताए। उनले भने, "सानो सहयोगले पनि कुनै परिवारको ठूलो समस्या समाधान हुन सक्छ, त्यसैले समाज सेवामा सबैले हातेमालो गर्नुपर्छ।" सहयोग प्राप्त गरेपछि परिवारका सदस्यहरूले साहप्रति आभार व्यक्त गरेका छन्। स्थानीयवासीले समेत उनको सामाजिक कार्यको प्रशंसा गर्दै यस्ता पहलले समाजमा सकारात्मक सन्देश फैलाउने बताएका छन्।


## गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३८७
इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर



## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा


तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# वीरगंजमा मदरसा अनुगमन कडाइ, दर्ताविहीनलाई चेतावनी

***वीरगंज, १० बैशाख***

पर्सा प्रहरीले वीरगंज महानगर क्षेत्रमा सञ्चालित मदरसाहरूमा अनुगमन तथा चेकजाँच कडा बनाएको छ। सुरक्षा संवेदनशीलता र शैक्षिक संस्थाहरूलाई कानुनी दायराभित्र ल्याउने उद्देश्यसहित अभियान सुरु गरिएको हो।



पहिलो चरणअन्तर्गत छपकैया क्षेत्रका चार मदरसामा गरिएको स्थलगत निरीक्षणमा वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक बिक्रम सुवेदीको नेतृत्वमा टोली खटिएको थियो। टोलीले सञ्चालन अवस्था, दर्ता प्रक्रिया, विद्यार्थी विवरण तथा प्रशासनिक संरचनाबारे जानकारी संकलन गरेको जनाएको छ।

अनुगमनका क्रममा एक मदरसा दर्ताविना सञ्चालन भइरहेको पाइएको प्रहरीले जानकारी दिएको छ। सो संस्थालाई तत्काल प्रचलित कानुनअनुसार दर्ता प्रक्रिया पूरा गर्न निर्देशन दिइएको प्रहरी निरीक्षक सुवेदीले बताए। कानुनी मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका संस्थालाई आवश्यक प्रक्रिया अपनाउन बाध्य बनाइने पनि उनले स्पष्ट पारे।

प्रहरीका अनुसार विगतका केही संवेदनशील गतिविधिलाई ध्यानमा राख्दै यस्तो अनुगमनलाई प्राथमिकता दिइएको हो। शैक्षिक संस्थाहरू पारदर्शी र कानुनी दायराभित्र सञ्चालन हुनुपर्नेमा जोड दिइएको छ। पर्सा प्रहरी र बिर्ता वडा प्रहरी कार्यालयको संयुक्त टोलीले आगामी दिनमा पनि वीरगञ्जका अन्य मदरसाहरूमा नियमित अनुगमनलाई तीव्रता दिने जनाएको छ। यसले शैक्षिक संस्थाहरूलाई व्यवस्थित बनाउनुका साथै सुरक्षामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

स्थानीयवासीले पनि अनुगमनको स्वागत गर्दै सबै शैक्षिक संस्था कानुनी दायराभित्र सञ्चालन हुनुपर्नेमा जोड दिएका छन्। प्रहरीले समुदायसँग सहकार्य गर्दै शान्ति-सुरक्षा सुदृढ बनाउने प्रतिबद्धता जनाएको छ।

# विद्यालयको जग्गा अतिक्रमण हटाउन १० दिने अल्टिमेटम

***शु.आ. सम्बाददाता***
***रौतहट, १० बैशाख***

रौतहटको ईशनाथ नगरपालिका-७ स्थित श्री विशेश्वर प्रसाद कोइराला आदर्श माध्यमिक विद्यालयले आफ्नो सार्वजनिक जग्गामा बनाइएका अवैध संरचना हटाउन १० दिने अल्टिमेटम जारी गरेको छ।




विद्यालय प्रशासनले सार्वजनिक सूचना जारी गर्दै तोकिएको समयभित्र जग्गा खाली नगरे डोजर प्रयोग गरी संरचना हटाइने चेतावनी दिएको हो। विद्यालयका अनुसार स्वामित्वको जग्गामा अनाधिकृत रूपमा पक्की घर तथा टहरा निर्माण गरिएका छन्।

अतिक्रमण हटाउने प्रयास विगत लामो समयदेखि हुँदै आए पनि स्थानीय राजनीतिक दबाब तथा केही व्यक्तिको अवरोधका कारण प्रक्रिया अघि बढ्न सकेको थिएन। यसले विद्यालयको भौतिक विकास तथा शैक्षिक वातावरणमा प्रत्यक्ष असर परेको स्थानीयको गुनासो छ। प्रधानाध्यापक चन्देश्वर यादव र विद्यालय व्यवस्थापन समितिले पछिल्लो समय सक्रियता बढाउँदै अतिक्रमण हटाउने अभियानलाई अघि बढाएका हुन्। स्थानीय अभिभावकहरूले विद्यालयको जग्गा संरक्षणलाई बालबालिकाको भविष्यसँग जोडिएको विषय भन्दै प्रशासनको कदमलाई समर्थन गरेका छन्। यसैबीच, विद्यालयले सहयोगका लागि पटक-पटक आग्रह गर्दा पनि ईशनाथ नगरपालिकाले आवश्यक पहल नगरेको आरोप लागेको छ। स्थानीयले राजनीतिक स्वार्थका कारण नगरपालिका मौन बसेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

अब १० दिने समयसीमापछि अतिक्रमण हटाउने कार्य कत्तिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्ने विषयमा चासो बढेको छ। सफल कार्यान्वयन भएमा जिल्लाका अन्य सार्वजनिक जग्गा संरक्षण अभियानका लागि समेत यो उदाहरण बन्ने अपेक्षा गरिएको छ।

# परोहामा सडक अतिक्रमण हटाउन ३ दिने अल्टिमेटम

***शु.आ. सम्बाददाता***
***रौतहट, १० बैशाख***

रौतहटको परोहा नगरपालिकाले बढ्दो सडक अतिक्रमण र दुर्घटना न्यूनीकरणका लागि कडा कदम चाल्दै ३ दिने अल्टिमेटम जारी गरेको छ। नगरपालिकाले वडा नं. १ बेलविछवादेखि रामपुर खापसम्मको मुख्य सडक क्षेत्रमा रहेका अवरोधहरू हटाउन माइकिङमार्फत अन्तिम चेतावनी दिएको हो। तोकिएको समयसीमाभित्र अतिक्रमण हटाइएन भने नगरपालिकाले आफैं हटाउने र त्यसबाट हुने क्षतिको जिम्मेवारी सम्बन्धित व्यक्तिले लिनुपर्ने स्पष्ट पारिएको छ।




प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माका अनुसार सडक किनारमा राखिएका ढुंगा, बालुवा, गिटी, दाउरा, गोइठा, पराल, सडकमै बाँधिएका पशुचौपाया, अव्यवस्थित पार्किङ तथा पसल-होटलका स्टलहरूले आवागमनमा गम्भीर अवरोध सिर्जना गरेका छन्। नगरपालिकाले प्रारम्भिक चरणमा सूचना र सचेतनामूलक अभियान सञ्चालन गरे पनि अटेर भए नगर प्रहरी परिचालन गरी बलपूर्वक अतिक्रमण हटाइने जनाएको छ। अभियान सफल बनाउन नागरिक समाज र स्थानीय बासिन्दाको सहयोग आवश्यक रहेको पनि प्रशासनले उल्लेख गरेको छ।

नगर प्रमुख शेख वकिलले व्यवस्थित र सुरक्षित नगर निर्माणका लागि सडक सफा र फराकिलो हुनु अनिवार्य रहेको बताउँदै यस अभियानलाई प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिए।

यद्यपि यसअघि सञ्चालन गरिएको प्लास्टिकमुक्त अभियान प्रभावकारी नभएको भन्दै स्थानीयस्तरमा यसपटकको अभियानको कार्यान्वयनमाथि चासो र बहस देखिएको छ।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं।**

# सशस्त्र प्रहरी १२ नम्बर गणको १९ औँ स्थापना दिवस सम्पन्न, सीमा सुरक्षा सुदृढीकरणमा जोड

***शु.आ. सम्बाददाता***
***कलैया, १० बैशाख***

सशस्त्र प्रहरी बल नेपाल नं. १२ गण हेडक्वार्टरले बिहीबार आफ्नो १९ औँ स्थापना दिवस विविध कार्यक्रमसहित मनाएको छ।



सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिवासका बाहिनीपति तथा सशस्त्र प्रहरी नायब महानिरीक्षक (डीआईजी) कृष्ण ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सीमा सुरक्षा, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनमा सशस्त्र प्रहरीको भूमिकाबारे विशेष चर्चा गरिएको थियो। कार्यक्रममा बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले नेपाल-भारत खुला सीमाबाट हुने चोरी, तस्करी नियन्त्रण तथा सीमा सुरक्षा कायम राख्न सशस्त्र प्रहरीको योगदान महत्वपूर्ण रहेको बताए।

स्थापना दिवसका अवसरमा सप्ताहव्यापी विभिन्न कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ। साथै, प्रतिनिधि सभा निर्वाचनमा उत्कृष्ट कार्य सम्पादन गरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई सम्मानसमेत गरिएको थियो।

प्रमुख अतिथि डीआईजी कृष्ण ढकालले सीमित स्रोत-साधनका बाबजुद पनि सशस्त्र प्रहरीले सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणमा उल्लेखनीय सफलता हासिल गरेको बताए। उनले भारतीय सीमा सुरक्षा बल (एसएसबी) सँग समन्वय गर्दै काम भइरहेको उल्लेख गर्दै खुला सीमाका चुनौतीबीच राजस्व संकलनमा समेत १२ नम्बर गणले प्रभावकारी भूमिका निर्वाह गरेको बताए।

उनले शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सशस्त्र प्रहरीले खेलेको भूमिकाको प्रशंसा गर्दै प्रदेश सरकार र स्थानीय तहको सहयोगमा भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति भएको जानकारी दिए।

त्यसैगरी, सशस्त्र प्रहरी बल नेपाल नं. १२ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक विशाल सिलवालले सीमा क्षेत्रमा चोरी-पैठारी नियन्त्रण, निगरानी सुदृढीकरण तथा विपद् व्यवस्थापनमा सक्रिय रूपमा काम भइरहेको बताए। उनले सीमावर्ती बासिन्दाको हितका लागि सामाजिक कार्यक्रमहरू पनि सञ्चालन हुँदै आएको जानकारी दिए। कार्यक्रममा कलैया उपमहानगरपालिकाका नगरप्रमुख बिनोद साह, जिल्ला समन्वय समितिका सभापति, सहायक प्रमुख जिल्ला अधिकारी छबीरमन भट्टराईलगायत सुरक्षा निकायका प्रतिनिधि तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

# बाराकी पहिलो महिला अधिवक्ता बनिन् प्रीति शाह

कलैया, १० वैशाख

बारा जिल्लाको कलैया उपमहानगरपालिका-१० मटिअर्वाकी प्रीति कुमारी शाह अधिवक्ताको परीक्षा उत्तीर्ण गर्दै जिल्लाकै पहिलो महिला अधिवक्ता बन्न सफल भएकी छन्।




सामान्य किसान परिवारमा जन्मिएकी शाहले नेपाल कानुन व्यवसायी परिषद् (बार काउन्सिल) को परीक्षा पास गरी कानुन व्यवसायमा प्रवेश गरेसँगै जिल्लामा नयाँ इतिहास रचेकी हुन्। उनले आफ्नो प्रारम्भिक शिक्षा गाउँकै सरकारी विद्यालयबाट सुरु गर्दै उच्च शिक्षासम्मको यात्रा पूरा गरेकी थिइन्।

अर्थशास्त्र र समाजशास्त्र विषयमा स्नातकोत्तर गरेपछि कानुन संकायमा स्नातक (एलएलबी) अध्ययन पूरा गर्दै अधिवक्ताको लाइसेन्स प्राप्त गरेकी हुन्। स्थानीयस्तरमा उनको सफलताले उत्साह थपिएको छ। स्थानीयवासीका अनुसार मधेशी समाजमा छोरीहरूको उच्च शिक्षा र व्यावसायिक क्षेत्रमा पहुँच अझै चुनौतीपूर्ण रहेको अवस्थामा शाहको उपलब्धि प्रेरणादायी बनेको छ।

अधिवक्ता शाहले आफ्नो सफलता परिवारको सहयोग र विशेषगरी बुबाको मार्गदर्शनलाई श्रेय दिँदै अब महिला अधिकार र सामाजिक न्यायका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन्। उनले महिला हिंसाविरुद्ध आवाज उठाउने तथा ग्रामीण क्षेत्रका विपन्न समुदायलाई निःशुल्क कानुनी सहायता प्रदान गर्ने लक्ष्य लिएको बताइन्।

यसैबीच, उनलाई बारा क्षेत्र नं. ४ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य इन्जिनियर अरविन्द साहको सचिवालयमा कानुनी विज्ञका रूपमा नियुक्त गरिएको छ।

उनको उपलब्धिले बारामा महिला सशक्तीकरण तथा शिक्षा क्षेत्रमा नयाँ प्रेरणा थप्ने विश्वास गरिएको छ।

# आइसियूमा नर्सको भूमिका निर्णायक : नारायणी अस्पताल

***दिपक चौरसिया***
***वीरगंज, १० बैशाख***

गम्भीर अवस्थाका बिरामीको उपचार हुने सघन उपचार कक्ष (आइसियू) मा नर्सहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुने नारायणी अस्पतालले जनाएको छ।




अस्पतालका नर्स प्रमुख श्रुति शाहका अनुसार आइसियूमा प्रत्येक सेकेन्ड महत्वपूर्ण हुने भएकाले नर्सहरू उच्च सतर्कता, दक्षता र छिटो निर्णय क्षमतासहित २४ घण्टा बिरामीको निगरानीमा खटिन्छन्। उनीहरूले रक्तचाप, मुटुको धड्कन, सासप्रश्वास, अक्सिजन स्याचुरेसन, तापक्रम र स्नायविक अवस्थाजस्ता सूचकहरूको निरन्तर अवलोकन गर्दै सानो परिवर्तन देखिए पनि तत्काल चिकित्सकलाई जानकारी गराउँछन्। आधुनिक उपकरण सञ्चालनमा पनि नर्सहरूको भूमिका महत्त्वपूर्ण हुने शाहले बताइन्। कार्डियाक मोनिटर, भेन्टिलेटर, इन्फ्युजन पम्प, सिरिन्ज पम्प तथा डिफिब्रिलेटरजस्ता उपकरणको सही प्रयोग र निगरानीमार्फत बिरामीको जीवनरक्षा सुनिश्चित गरिन्छ।

औषधि व्यवस्थापन आइसियू नर्सिङको अर्को प्रमुख पाटो भएको उल्लेख गर्दै उनले सही समयमा सही मात्रामा औषधि दिनु, त्यसको प्रभाव मूल्याङ्कन गर्नु र जटिलता देखिएमा तुरुन्त जानकारी गराउनु नर्सहरूको जिम्मेवारी रहेको बताइन्।

शारीरिक उपचारसँगै मानसिक तथा भावनात्मक सहयोग पनि उत्तिकै आवश्यक हुने शाहको भनाइ छ। गम्भीर अवस्थामा रहेका बिरामीलाई सहानुभूतिपूर्ण व्यवहारले आत्मबल प्रदान गर्ने र बिरामीका आफन्तसँग स्पष्ट संवाद राख्दा विश्वास बढ्ने उनले बताइन्।

संक्रमण नियन्त्रणलाई अत्यन्त संवेदनशील विषयका रूपमा लिइँदै हात धुने विधि, व्यक्तिगत सुरक्षात्मक उपकरणको प्रयोग तथा सरसफाइमा विशेष ध्यान दिइने गरिएको छ।

आइसियू सेवा टोलीगत कार्यमा आधारित हुने भएकाले चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीबीच समन्वय अपरिहार्य रहेको अस्पतालले जनाएको छ। तनावपूर्ण वातावरणमा निरन्तर सेवा दिने नर्सहरूको भूमिका स्वास्थ्य प्रणालीको मेरुदण्डका रूपमा लिइने गरिएको छ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - बृन्दाबन नगरपालिका